लम्कीचुहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :-२०८२/०८३

च.नं.:-

मिति : २०८२/१२/२२

नेपाल संवत् ११४६

## सेवा करारमा गणक भर्ना सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०१/०२

लम्कीचुहा नगरपालिका अन्तर्गत वसोवास गर्ने सम्पूर्ण घर परिवारहरुको तथ्याङ्क सङ्कलन गरी उक्त तथ्याङ्कलाई गरिब परिवार सूचना व्यवस्थापन प्रणाली (Poor Household Information Management System-PHMIS) मा प्रविष्टि गर्नका लागि गरिव परिवार पहिचान तथा तथ्याङ्क सङ्कलन सम्बन्धी मापदण्ड वमोजिम सेवा करारमा गणक भर्ना गर्नुपर्ने भएकाले आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र देहायका कागजात र शर्त सहित दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारिको लागी यो सूचना प्रकाशित गरिएको छ।

दरखास्त फाराम लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ र रित नपुगेका र म्याद नाघि प्राप्त हुन आएका निवेदन उपर कुनै कार्बाही हुने छैन।

**१. माग गरिएको पद:**

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | १५/२०८२/०८३ | गणक | १७ (सत्र) | रु. ५००।– (पाँच सय मात्र) | |

**२. न्यूनतम शैक्षिक योग्यता:**

क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ उतीर्ण गरेको,

ख) २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको,

ग) कम्प्युटर सफ्टवेयर चलाउन जान्ने,

घ) मोवाईलमा नेपाली युनिकोड टाईप गर्न सक्ने,

ङ) सम्बन्धित स्थानीय तहमा स्थायी बसोबास भएको,

च) कुशल सञ्चार सीप भएको,

छ) यस अघि तथ्याङ्क संकलन सम्बन्धी कार्यमा संलग्न रहेको व्यक्तिलाई प्राथमिकता दिइने छ।

**३. निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

क) सम्पूर्ण विवरण खुल्ने बायो डाटा, (अनिवार्य)

ख) उम्मेदवारको निवेदन,

प्रमुख प्रशासकीय अधिकृत

लम्कीचुहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

घ) शैक्षिक योग्यता, कम्प्युटर सम्बन्धी तालिम र अनुभव पत्रका प्रमाणित प्रतिलिपी,

ङ) लम्कीचुहा नगरपालिकाको राजस्व शाखामा राजस्व तिरेको सक्कलै भौचर।

**४. दरखास्त दिने अन्तिम मितिः** २०८३ साल वैशाख ०८ गते कार्यालय समय भित्र।

**५. सेवा सुविधा तथा शर्तहरुः** गरिब परिवार पहिचान तथा तथ्याङ्क सङ्कलन सम्बन्धी मार्गदर्शनमा तोकिए अनुसार

**क) कार्यक्षेत्रः** तोकिएका वडाको सम्पूर्ण घरधुरीमा पुगी परिवारको सम्पूर्ण विवरण, GPS र घरको फोटो सहित तोकिएको Software मार्फत संकलन गर्ने लगायत नगरपालिकाले तोकेका अन्य कार्यहरु।

**ख) डाटा संकलन विधिः** डाटा संकलन Software मार्फत गरिने भएकोले आवेदकले Laptop, Smart Phone चलाउन जान्ने हुनुपर्ने छ र आवेदकले Laptop/Smart Phone को व्यवस्था आफैले गर्नुपर्नेछ।

**७. छनौट विधिः** प्रारम्भिक योग्यता क्रम सूचि (Short List) र अन्तरवार्ता।

**८. थप जानकारीका लागिः** सम्पर्क नं. ९८४३६६९१४८

सुषमा महता के.सी.

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत